हेटौंडाका ४० प्रतिशत योजना सम्झौता । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१४, ● अंक-२१ ● २०७८ मंसिर २० गते सोमबार, ● 06 Dec. 2021, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## विश्व अपाङ्ग दिवसको अवसरमा थाहानगरमा दीप प्रज्वलन



◆ विकास संवाददाता

विश्व अपाङ्ग दिवसको अवसरमा थाहा नगरपालिकाको महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्ग परिचय वितरण शाखाले दीप प्रज्वलन गरेको छ ।

'हाम्रो प्राथमिकताको आधार, अपाङ्गता भएका व्यक्तिको अधिकार' भन्ने नारासहित नगरपालिकाले थाहा नगरपालिकाको मुख्य बजार शिखरकोटको कृष्णमन्दिर चोकमा १६ मंसिर साँझ दीप प्रज्वलन गरेको हो ।

विश्व अपाङ्ग दिवस डिसेम्वर ३ को पूर्व सन्ध्यामा नगरपालिकाको महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्ग परिचय वितरण शाखाले दीप प्रज्वलन गरेको हो ।

दीप प्रज्वलन कार्यक्रमका प्रमुख अतिथि थाहा नगरपालिका सामाजिक विकास शाखाका उपसंयोजक एवम् थाहा नगरपालिका-५ का वडा अध्यक्ष विष्णुबहादुर गुरूङले दीप प्रज्वलन गरेर थाहानगरमा विश्व अपाङ्ग दिवसको शुरूवात गरेका थिए ।

थाहा नगरपालिकाको महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्ग परिचय वितरण शाखाका प्रमुख प्रतिमा मोक्तानले सञ्चालन गरेको कार्यक्रममा नगरपालिकाकाका कर्मचारीहरू, महिला नेतृ कल्पना बलामी, पत्रकार कुमार नेगी, प्रहरी नायव निरीक्षक अच्युतप्रसाद पौडेल लगायतको उपस्थिति रहेको थियो ।

## पालुङ जेसीजको अध्यक्षमा ४ जनाको उमेदवारी

विकास संवाददाता
थाहानगर

सन् २०२२ का लागि पालुङ जेसीजको अध्यक्षमा चार जनाको उमेदवारी परेको छ । निर्वाचन आयुक्त मनोज रायमाझीले दिएको जानकारी अनुसार सन् २०२२ का लागि पालुङ जेसीजको अध्यक्षमा जयराम खत्री, संगम कार्की, निरज रायमाझी र अनिता विष्टले उमेदवारी दिएका छन् ।

उमेदवारहरूबीच सहमतिको अधिकतम प्रयास हुँदा पनि २०१३, २०१५, २०१९ र २०२१ निर्वाचन भएको थियो । सन् २०२२ का लागि उमेदवार दिएकामध्ये जयराम खत्रीको यो लगातार तेस्रो हो । सन् २०२० मा अध्यक्षको उमेदवारी दिएका उनले अन्ततः उमेदवारी झिकेका थिए । सन् २०२१ मा पनि उमेदवारी दिएका उनी अन्ततः निर्वाचनमै गएका थिए र परिणामतः उपविजेता भएका थिए । सन् २०२१ मा पालुङ जेसीजको अध्यक्ष पदको लागि अनिता विष्टले पनि उमेदवारी दिएकी



**बायाँबाट क्रमशः** जयराम खत्री, संगाम कार्की, निरज रायमाझी र अनिता विष्ट ।

थिइन् । जेसीजको इतिहासमा महिला अध्यक्षको इतिहास कोर्ने अडान राख्दार ाख्दै अन्ततः उनले सहमतिको बाधक नभएको भन्दै उमेदवारी छोडेकी थिइन् । २०२२ का लागि अध्यक्षका उमेदवार विष्ट, संगम कार्की र निरज र ायमाझी सन् २०२१ मा एउटै बोर्डमा छन् । अहिले विष्ट कानूनी सल्लाहकार , कार्की महासचिब र रायमाझी कोषाध्यक्ष छन् । खत्री अध्यक्षीय सल्लाहकारको रूपमा छन् ।

सन् २०२२ का लागि पालुङ जेसीजको कार्यकारिणी उपाध्यक्ष पदका पनि चार जनाको उमेदवारी परेको छ । जेसीजको विधान अनुसार दुई जना उपाध्यक्ष चुनिनुपर्ने हुन्छ । कार्यकारिणी उपाध्यक्षका लागि उमेदवारी दिनेहरूमा माधव कार्की, सुविन्द्रमान प्रधान, सञ्जय गोपाली र दिपा वल रहेका छन् ।

त्यस्तै चार जना उपाध्यक्ष पदका लागि नौ जनाको उमेदवारी परेको छ । उपाध्यक्षको उमेदवारहरूमा स्वदिप बस्नेत, अजय कार्की, सन्देश गोपाली, अञ्जय प्रधान, मानसिङ दोङ, अजित कार्की, कमल विष्ट, सत्यदेवी स्याङ्तान र अनन्त ढकाल रहेका छन् ।

## थाहानगरमा कृषि अनुदान खुल्यो !

◆ विकास संवाददाता

थाहा नगरपालिकाले परल मूल्यको आधा अर्थात् ५० प्रतिशत अनदानमा किवी, ओखर र हलुवावेदको विरूवा उपलब्ध गराउने भएको छ ।

नगरपालिकाको आ.व. ०७८/०७९ को स्वीकृत बजेट अनुसार विभिन्न जातका फलफूलका विरूवा अनुदानमा वितरण गर्न लागिएको कृषि विकास शाखाका प्रमुख सञ्जय तिवारीले जानकारी दिए ।

शाखा प्रमुख तिवारीका अनुसार किवी, जापानीज हलुवाबेद र दाँते ओखर का विरूवा वितरण गरिन लागिएको हो । किवीको खरिद मूल्य प्रतिविरूवा रू. १००, जापानीज हलुवाबेद रू. ६० र दाँते ओखर रू. ४० परेकोमा कृषकहरूले आधा मात्र तिरे पुग्ने उनले बताए ।

कृषक समूह, कृषि सहकारी, कृषि फर्म दर्ता तथा कृषि कम्पनी प्रमाणपत्रको



प्रतिलिपि, कृषक समूहको हकमा निर्णय प्रतिलिपि, पान दर्ता प्रमाणपत्रको प्रतिलिपि, गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहित निवेदन दिन कृषि विकास शाखाले आह्वान गरेको छ ।

## १ सय ५८ जना कैदीहरु कारागारमुक्त

◆ विकास संवाददाता

मकवानपुरको भीमफेदी गाउँपालिका स्थित भीमफेदी कारागार बाट चालु आर्थिक वर्षको हालसम्म १ सय ५८ जना कैदीहरू कारागारमुक्त भएका छन् । विभिन्न मुद्दामा सजाय काटिरहेका कैदीहरू कारागारमुक्त भएको भीमफेदी कारागारका सूचना अधिकारी केदार सापकोटाले बताए ।

कारागारमा लागूऔषध मुद्दामा सजाय काटिरहेका ७० जना, जबरजस्ती करणी मुद्दाका १५ जना, चोरी मुद्दाका १२ जना, कर्तव्य ज्यान मुद्दाका १५ जना, ज्यान मार्ने उद्योग मुद्दाका ३ जना कैदीहरू कारागारमुक्त भएका हुन् । यस्तै अपरण मुद्दाका ४ जना, सवारी ज्यान मुद्दाका १५ जना, बहुविवाह मुद्दाका २ जना, आत्महत्या दुरत्साहन मुद्दाका ३ जनालगायत अन्य मुद्दाहरू गरी १ सय ५८ जना कैदी कारागारमुक्त भएका हुन् ।

## मतदाता नमाावली संकलन शुरू

◆ विकास संवाददाता

बागमती प्रदेश निर्वाचन आयोग कार्यालयले १७ मंसिरबाट मकवानपुरका स्थानीय तहका मतदाताको नामावली संकलन गर्ने भएको छ । कार्यालयले दुई चरणमा नामावली संकलन गर्ने जनाएको छ । १७ मंसिर शुक्रबारदेखि पुस २ गतेसम्म पहिलो चरणमा र पुस ५ गतेदेखि १९ गतेसम्म दोस्रो चरणमा मतदाता नामावली संकलन गरिने कार्यालयको कार्यतालिका छ ।

पहिलो चरणमा मकवानपुर गढी, भीमफेदी, इन्द्रसरोवर, मनहरी र बकैया गाउँपालिकामा नामावली संकलन गरिनेछ । यस्तै, दोस्रो चरणमा पुस ५ गतेदेखि पुस १९ गतेसम्म बागमती, राक्सिराङ, कैलाश गाउँपालिका, थाहा नगरपालिकामा मतदाता नामावली संकलन गरिने जनाइएको छ । मतदाता नामावली संकलन गर्दा १६ वर्ष पूरा भइ उक्त व्यक्तिले नेपाली नागरिकता प्राप्त




गरेको हुनुपर्ने जनाएको छ । यद्यपी मतदान गर्नका लागि भने १८ वर्ष पूरा भएको हुनुपर्ने प्रावधान छ । नामावली संकलन कार्यमा हालसम्म नाम दर्ता नभएकाहरूका लागि मात्र नामावली संकलनको कार्यक्रम आयोजना गरिएको जनाइएको छ ।

कार्यालयका अनुसार जिल्लामा २०७८ कात्तिकसम्म २ लाख ८० हजार १ सय ८१ जना मतदाता रहेका छन् जसमा १ लाख ४२ हजार ७ सय ३ जना पुरुष, १ लाख ३७ हजार ४ सय ७२ जना महिला र ६ जना तेस्रो लिङ्गी रहेका छन् ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

## • सम्पादकीय •

### लैङ्गिक हिंसा अन्त्य र १६ दिने अभियान

वर्षेनी मनाइने लैङ्गिक हिंसाविरुद्धको १६ दिवसीय अभियान चलिरहेको छ । लिङ्गका आधारमा हुने सबै खालका विभेद र असमानताविरुद्ध निरन्तर आवाज उठिरहेका छन्। यस वर्ष कोभिड-१९ को संक्रमणका कारण अभियानका गतिविधि केही साँघुरिएको महसुस गरिए पनि लैङ्गिक हिंसाविरुद्ध आवाज उठिरहेकै छ। लैङ्गिक विभेदविरुद्ध विश्व समुदायलाई जागरुक बनाउन औपचारिकरुपमा १६ दिवसीय अभियान चलेको ३० वर्ष पुगिसक्दा यसको औचित्यमाथि विभिन्न कोणबाट बहस पनि हुन थालेको छ। उपलब्धि के कति भयो भएन भन्ने कोणबाट अभियानमाथि हुने बहसलाई अब लैङ्गिक हिंसा अन्त्यका चुनौतीमाथि केन्द्रित गर्नु बढी श्रेयस्कर हुनेछ। देशमा मानवअधिकार बहालीका लागि धेरै संघर्ष भएका छन्।

राजनीतिक अधिकार प्राप्तिका लागि इतिहासमा भएका ती हरेक संघर्षका मोर्चामा महिलाहरु सहभागी भएका छन्। कतै संघर्षको अग्रमोर्चामा खटिए भने कतै आन्दोलनलाई संरक्षण गर्ने बलियो खम्बाको रुपमा भूमिका निर्वाह गर्न अघि सरे। चाहे त्यो अंग्रेजविरुद्धको नालापानी, कांगडाको युद्ध मैदान होस् चाहे निरंकुश पञ्चायती शासनविरुद्ध भएको आन्दोलन, दशवर्षे जनयुद्ध होस् या २०६२/०६३ को जनआन्दोलन ती हरेक आन्दोलन सफलताका पछाडि नेपाली महिलाको ठूलो योगदान छ। राजनीतिक र गैरराजनीतिक दुबै मोर्चाबाट समुदायदेखि केन्द्रीयस्तरसम्म महिलाको मानवअधिकारका लागि अहोरात्र खट्ने महिलाको संख्या सानो छैन। तर हरेक आन्दोलनको सफलताका पछाडि महिलाहरु उपेक्षित भएका छन्। आन्दोलनका सहयात्रीहरु नयाँ सत्ताको आरोहण गरिरहँदा नेपाली महिलाहरुलाई आज पनि आफूविरुद्धका उत्पीडनको गन्ती गर्न भ्याइ नभ्याइ छ। एउटै तह र क्षेत्रबाट उस्तै भूमिका निर्वाह गर्ने व्यक्तिमध्ये महिला अहिले पनि पछाडि पारिएका छन्। हिजोको अवस्थामा केही सकारात्मक परिवर्तन त भएका छन् तर वर्तमानमा उभिएर हेर्ने हो भने मानव समाजमा समान हैसियतको नागरिक भएर बाँच्न महिलाका लागि अझै पनि निकै कठिन छ। वास्तवमा भन्ने हो भने परिवार, समाज र राज्यका संरचनामा जरा गाडेर बसेको लैङ्गिक विभेद लैङ्गिक हिंसाको प्रमुख कारक हो। विभेद हुनु नै हिसिंत हुनु पनि हो। लैङ्गिक हिंसाले लिङ्गको आधारमा महिला, पुरुष या यौन अल्पसंख्यकमाथि हुने हिंसालाई जनाउँछ। आज पनि विश्व पितृसत्तात्मक संरचनामा आधारित छ। पितृसत्तात्मक सोच महिलाका लागि मात्रै होइन, पुरुषका लागि पनि उत्तिकै घातक छ। पुरुषप्रतिको सामाजिक अवधारणाले उनीहरुलाई पनि मान्छेमात्र हुन दिएको छैन। सामाजिकरुपमा उसलाई बोकाइदिएको भूमिकाले उसलाई कमजोर मात्रै बनाएको छैन, त्यही कमजोरी छोप्न उसलाई हिंस्रक पनि बनाइदिएको छ। पुरुषलाई शक्तिशाली बनाउन उनीहरुलाई केन्द्रमा राखेर बनाइएका नीति नियम, चाल चलन, जीवन व्यवहार र कार्यशैली नफेरिँदा या भनौं परिवर्तन गर्न नसक्दा हिंसा अन्त्यका लागि थालिएका अभियानले अपेक्षित परिणाम हासिल गर्न नसकेको सत्य हो।

समाजमा विद्यमान लैङ्गिक विभेदबाट पीडित पुरुष पनि छन् तर त्यसको कैयौं गुणा बढी पीडित महिलाहरु छन्। लैङ्गिक हिंसाविरुद्ध खुलेर बोल्नेहरुमा महिलाको तुलनामा पुरुष निकै कम छन्। त्यसो हुँदा समाजमा लैङ्गिक हिंसाविरुद्ध बोल्ने महिलाहरुलाई पुरुष विरोधीको रुपमा चित्रित गरिँदै आइएको छ। लैङ्गिक हिंसाविरुद्ध राज्यले नीतिगत तहमा, कानुन कार्यान्वयनका तहमा प्रभावकारी काम गर्ने र नागरिकले व्यक्तिगत तथा सामाजिक तहमा यस्तो हिंसाविरुद्ध महिला पुरुष बराबर भएर लागिपर्ने हो भने समाजमा कलंकका रुपमा रहिआएको लैङ्गिक हिंसा अन्त्य गर्न अवश्य मद्दत पुग्नेछ।


**थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा**

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभञ्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

**महत्वपुर्ण टेलिफोन नम्बरहरू**

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# पूर्वाधार विकासमा सरकारको हेलचेक्र्याइँ



मंगल बहादुर शाही

नेपालभित्र बनाइने भौतिक संरचनाहरू विशेष गरी सडक, विद्युत्, खानेपानी, भवन, हाइड्रो आदि अधिकांश पूर्वाधार नेपालकै निर्माण व्यवसायीबाट सम्पन्न हुनुपर्छ भन्नेमा कसैको दुईमत नहोला । सबैजसो राजमार्ग नेपाली निर्माण व्यवसायी कम्पनीहरूले नै निर्माण गरेका छन् । एकाध व्यक्ति वा कम्पनीको खराबी, कमजोरी र बदनियतको कुरा गर्ने हो भने त्यो हरेक व्यवसाय र पेसामा तथा हरेक देशमा रहेको पाइन्छ ।

विगतमा नेपाल राष्ट्रले आफ्नो विकास नीति कस्तो लिने भन्ने कुरा संविधानले निर्दिष्ट गरेको थिएन । तर, राज्यले स्वदेशी निर्माण कम्पनी/व्यवसायीहरूको क्षमता अभिवृद्धि गर्दै लग्यो र आजका दिनमा नेपालका निर्माण व्यवसायीहरू विश्वस्तरको निर्माण व्यवसायको प्रतिस्पर्धी क्षमता विकास गर्दै ठूला आयोजना समेत समयमै निर्माण सम्पन्न गर्नसक्ने अवस्थामा पुगेका छन्। समाजवादउन्मुख सरकार र संविधानले नै विकास निर्माणको क्षेत्रमा राष्ट्रको दिशाबोध गरिरहेको आजको सन्दर्भमा व्यवहारमा भने ठीक उल्टो हुँदै गएको छ । नेपालका निर्माण व्यवसायीहरूले नेपालमै हुने सामान्य प्रकृतिका निर्माण कार्यहरूमा समेत प्रतिस्पर्धामा नै भाग लिनबाट वञ्चित हुनुपर्ने अवस्था पनि आएको छ । नेपालको विकास साझेदार का रूपमा रहेको एसियाली विकास बैंकसँग नेपालले सहकार्य गरेर सयौँ भौतिक निर्माणका कार्य सम्पन्न गरिसकेको छ । बैंकले सधैँ नेपालको क्षमता अभिवृद्धि गर्न र नेपाललाई सुगम हुने किसिमले विकास निर्माणका कार्यहरूमा सहयोग पुऱ्याउँदै आएको छ। तर, वर्तमान अवस्थामा एकाएक त्यस बैंकको ऋण/सहयोगबाट सम्पन्न हुने निर्माण कार्यहरूमा नेपालका निर्माण व्यवसायीहरूले प्रतिस्पर्धा गर्न नपाउने अवस्था सिर्जना भएसँगै पुनः नेपाली व्यवसायीमाथि हिनताबोध उत्पन्न गराएको छ।

नेपाल सरकार (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय) अन्तर्गत रहेको सडक विभाग आयोजना निर्देशनालय एडीबीको ऋण नं. ५२०९७/००१ अन्तर्गत कञ्चनपुर (कमला सडक खण्डअन्तर्गतको ८७ किमी सडकलाई दुई लेनको सडकबाट चार लेनको सडक बनाउन खोलिएको ठेक्कालाई पनि लिन सकिन्छ । एडीबीसँग ऋण सहयोगमा नेपाल सरकारले निर्माण गर्न लागेको सो सडकको ठेक्का प्रक्रियामा विद्यमान सार्वजनिक खरीद ऐन/नियमको प्रावधानभन्दा बाहिर गएर मात्र गर्नुपर्छ भन्ने होइन । एडीबीको ठेक्कासँग सम्बन्धित कागजात (बिडिङ डक्युमेण्ट) बैंककै खरिद मापदण्डसमेतका आधारमा नेपाल सरकारले तयार गरेको हो ।

एडीबीले एकातिर नेपाललगायत ६७ सदस्य राष्ट्रका निर्माण कम्पनी टेन्डर प्रक्रियामा सहभागी हुनसक्ने कुरा आफ्नो टेन्डर डकुमेन्टमा लेखेको थियो। भने अर्कोतर्फ योग्यता खण्डमा कुनै पनि नेपाली निर्माण व्यवसायीले हालसम्म प्राप्त नै नगरेको आर्थिक र प्राविधिक क्षमताको कुरा राखिएको थियो। यसबाट नेपाली निर्माण व्यवसायीलाई बन्देज लगाउने नियतका साथ सरकारले टेन्डर माग गरेसँगै नेपाली निर्माण व्यवसायीमाथि बन्देज लगाउने कार्यमा तत्कालको सरकारले गरेको स्पष्ट भएको छ । उक्त निर्माण कार्य गर्न विदेशी नै चाहिने अवस्था भने थिएन । नेपाल सरकार र एडीबीबीच गैरनेपालीमात्र सहभागी हुन पाउने किसिमको सम्झौता भएको भन्ने अर्थ पनि लाग्दैन । सरकारले संविधान र प्रचलित ऐन कानुनविपरीत तथा राष्ट्रिय हित र राष्ट्रिय स्वाभिमान प्रतिकूल हुनेगरी कुनै ऋण सम्झौता गर्न मिल्दैन । संविधान र कानुनअन्तर्गत सरकारले प्राप्त गरेको सम्झौताको अधिकारलाई कार्यान्वयन तहमा लागू गर्दा संविधानद्वारा राज्यका नागरिक वा निकायलाई प्रदान गरिएको अधिकार कुण्ठित गर्न पाइँदैन ।

संविधानको प्रस्तावना, नागरिकका मौलिक हक, राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्वविपरीत सरकारले कुनै परियोजना वा सोको कार्यविधि बनाउनु हुँदैन । त्यस्ता नीतिहरू बनाउँदा समेत सरोकारवालहरूसँग छलफल र परामर्श गरेर पारदर्शी ढंगले बनाइनुपर्नेमा त्यसो समेत गरेको पाइएको छैन । नेपालमा निर्माण व्यवसायीहरूको सेवाको सबैभन्दा ठूलो खपतकर्ता सडक विभाग नै हो। बदनियतपूर्ण तरिकाबाट सर्त निर्धारण गरी सबै नेपाली निर्माण व्यवसायीलाई प्रतिस्पर्धाबाट बाहिर निकाल्ने कार्य व्यवसायीहरूलाई हतोत्साही पार्ने र हेपाहा प्रवृत्ति हो भन्ने कुरा उपर्युक्त व्यवहारबाट स्पष्ट हुन्छ। नेपालको संविधानको धारा ५१ (च) ले विकाससम्बन्धी नीतिको बन्दोबस्त गरेको छ। जसअन्तर्गत 'विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने' लक्ष्य लिइएको छ ।

विदेशी कम्पनी मात्र योग्य हुने योग्यताको मापदण्ड राखी टेन्डर आह्वान गर्दा जननिर्मित संविधानले परिकल्पना गरेको विकास नीतिको परिपालना हुन सक्दैन । नेपाली निर्माण व्यवसायीको प्राविधिक क्षमताको विकास, प्रविधि हस्तान्तरण, स्थानीय स्रोतसाधन परिचालनमा स्वदेशी कम्पनीको सहभागिता, राष्ट्रिय पुँजी निर्माण तथा सोको परिचालनलगायत विभिन्न राष्ट्रिय हितका तथ्यलाई समेत दृष्टिगत गरी नेपाली निर्माण व्यवसायीहरूको सहभागिता हुने किसिमबाट बोलपत्रलाई समावेशी बनाउनु पर्थ्यो । तर, स्वदेशी कम्पनीहरू छनोट नै हुन नसक्ने गरी नेपालको वर्तमान सन्दर्भमा अव्यावहारिक हुने मापदण्ड राखी बोलपत्र आह्वान गरिनु नेपाली निर्माण व्यवसायीको हितविपरीत हो ।

नेपालको विकास निर्माणमा विदेशी कम्पनीको भर पर्नु नपर्ने र नेपालमा नै दक्ष जनशक्ति तथा प्रविधि उपलब्ध भई देशको आर्थिक तथा पूर्वाधार विकासमा महत्वपूर्ण योगदान पुग्नेछ । नेपाली व्यवसायीको क्षमताको कुरा गर्दा हाल निर्माणाधीन करिब चारदेखि छ अर्ब लागतको धरान-चतरा-गाईघाट-कटारी सिन्धुली-हेटौंडा सडक आयोजनामा वित्तीय क्षमताका आधारमा नेपाली निर्माण व्यवसायीहरूले विदेशी कम्पनीहरूसँग साझेदारी गरी निर्माण कार्य द्रुत गतिमा अघि बढिरहेका छन दातृ निकायबाट यस किसिमको प्रोत्साहन तथा नेपाली निर्माण व्यवसायीको विकास तथा प्रवर्द्धनका लागि सहयोग आजको राष्ट्रिय आवश्यकता रहेको छ । नेपाली कम्पनीले अथवा व्यवसायीहरूले कार्य समापन पश्चात् पनि आफ्नै समाजमा बसी कार्य गर्नुपर्ने भएकाले स्वभावतः उनीहरू नेपाली समाज सरकार र विकासप्रति अपेक्षाकृत बढी जिम्मेवार हुन्छन् भनी ठान्नु सायदै विवादित रहला । आयोजना निर्माणको क्रममा पनि स्थानीय स्रोत साधन परिचालन गर्न विदेशी कम्पनीहरूलाई कठिनाइ हुनुको साथै नीति नियमको अनभिज्ञताका कारण पनि आयोजना निर्माणकार्यमा ढिलाइ हुने प्रायः निश्चित छ ।

विदेशी कम्पनीहरूद्वारा निर्माणकार्य सम्पन्न गर्न नसकी विभिन्न कारणहरू देखाई क्षतिपूर्ति माग गर्ने प्रचलन हाबी भइरहेको छ। मेलम्ची खानेपानी आयोजना, त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थल, हुलाकी राजमार्ग योजना आदि यसका प्रत्यक्ष उदाहरणका रूपमा लिन सकिन्छ। यस पृष्ठभूमिलाई आधार मान्ने हो भने ठूला आयोजनाहरूमा मौलाएको विकृतिलाई रोक्न स्वदेशी कम्पनीको उपस्थिति आजको अपरिहार्यता रहेको छ ।

राष्ट्रले लिएको ऋण चुक्ता गर्नैपर्ने हुन्छ । अहिले ऋण पाए जे-जस्तो सर्तमा पनि लिइहाल्ने र यो ऋणको रकम पुनः विदेशीले नै लिएर जाने तथा नेपालले सोचेजस्तो प्रतिफल नपाउने हो भने यसले राष्ट्रकै भविष्य अन्धकारमय बनान्दै गएको छ । उक्त ठेक्काको मात्र कुरा गर्ने हो भने पनि एडीबीको सार्वजनिक खरिद (प्रोक्युरमेन्ट) गाइडलाइनमा समेत जटिल निर्माण कामबाहेकमा जेभी पार्टनरका लागि उस्तै कार्यप्रकृतिको ४० प्रतिशत अनुभव अनिवार्य छैन । तर, नेपालमा ठेक्का निस्किँदा जबर्जस्ती कामलाई जटिल प्रकृतिभित्र समावेश गरी नेपाली निर्माण व्यवसायी घुस्न नसक्ने बनाइएको छ ।

यसरी कार्य अनुभवको प्रावधान राखिनुले शंका गर्ने ठाउँ बनेको छ। हामीले नुन, तेल, दालसम्म आयात नै गर्न परि रहेको अवस्था छ। देशको अधिकांश (दक्ष, अदक्ष) जनशक्ति बाहिर जाने क्रम घट्नुको साटो बढिरहेकोलाई स्वाभिमानी नेपालीले दुर्भाग्यपूर्ण ठान्नुपर्ने हुन्छ। प्रविधि र ज्ञानयुक्त नेपाली निर्माण कम्पनीहरूको देशभित्र पर्याप्त उपस्थिति रहँदारहँदै पनि हामी सामान्य सडक बनाउने व्यवसायी समेत विदेशबाट आयात गर्दै छौँ । यो कुरा लज्जास्पद छ। निर्माण व्यवसायी विकास निर्माणको क्षेत्रमा राष्ट्रको मुटुकै रूपमा मानिँदै आएको छ । त्यसैले उनीहरूलाई विनाकारण हतोत्साही बनाउने र हेप्ने कार्य गरेमा यसले समग्र राष्ट्रलाई अधोगतितिर धकेल्नेछ ।

नेपाली निर्माण व्यवसायीले जेभी

... बाँकी पेज ३ मा

# भोजन नै चिकित्सा

प्रकृति अनुकूल भएर जिउनु नै स्वस्थ जीवनको सूत्र हो । बिहान उठेदेखि सुत्नेबेलासम्मको दिनचर्यालाई व्यवस्थित गर्ने कला नै प्राकृतिक चिकित्सा हो । सन्तुलित भोजन गर्ने, नियमित नुहाइधुवाइ गर्ने, चिन्ता र तनावको व्यवस्थापन जस्ता विविध पक्ष प्राकृतिक चिकित्साको उपचार पद्धतिभित्र पर्छन् ।

खानाको रूपमा कार्बोहाइड्रेडयुक्त एवं जंकफुडको प्रयोग कम गर्नु, चिल्लो र तारेका खानालाई निषेध गर्नु, हप्तामा एकपटक उपवास बस्नु जस्ता नियम आफैंमा प्राकृतिक चिकित्साको महत्वपूर्ण पक्ष हो । यसले शरीरको 'सर्भिसिङ' गर्ने काम गर्ने गर्छ ।

रोगमुक्त रहनु नै उपचार गर्नुभन्दा उत्तम हो । कुनै औषधिको प्रयोग नगरी, शल्यक्रिया नगरी, सुई नखोपी गरिने उपचार विधि नै प्राकृतिक चिकित्सा हो । जुन, अरू उपचार विधिभन्दा प्रभावकारी विधि पनि हो ।

रोग लागिसकेपछि मात्र होइन, रोगमुक्त जीवन बाँच्नका लागि समेत प्राकृतिक चिकित्सा उपयोगी हुन्छ । प्राकृतिक रूपमै बलियो, निरोगी, तन्दुरूस्त हुनु पहिलो शर्त हो । जसको लागि प्राकृतिक चिकित्सा आफैंमा एउटा अनौंठो प्रणाली हो, जसले शारीरिक, मानसिक, नैतिक र आध्यात्मिक रूपमै मानिसलाई सही मार्गमा हिँडाउन सहयोग गर्छ ।

## प्राकृतिक चिकित्सा के हो ?

मानव शरीरमा जे–जति रोग छन्, ती सबैको कारण र उपचार विधि एकैखालका हुन्छन् । शरीरमा जब विकार पदार्थ सञ्चय हुन थाल्छ, त्यही स्थितिलाई हामी रोग लागेको भन्छौं । अतः ती विकारलाई हानिरहित ढंगले निर्मूल पार्नु नै उपचार पद्धति हो । उपचारको विद्यमान विधि अनेक छन् । त्यसमध्ये सबैभन्दा प्राचीन उपचार पद्धति हो, प्राकृतिक चिकित्सा ।

प्राकृतिक चिकित्साको परिभाषा अनुसार मान्छेमा तीन कारणले रोग लाग्ने गर्छ । पहिलो पहिलो कारण मेटाबोलिक टक्सिल डिपोजिसन अर्थात् विजातीय तत्वको असन्तुलन हो भने दोस्रो कारण ओअर भ्याटालिटी । रगतमा हुने असन्तुलन तेस्रो कारण हो ।

प्राकृतिक चिकित्साले कुनै एक विशेष रोगको मात्र उपचार खोज्दैन, सम्पूर्ण शरीरलाई तन्दुरूस्त राख्नेतिर ध्यान दिन्छ । यसले रोग प्रतिरोधात्मक क्षमता विकास गर्न पनि सहयोग गर्छ । शरीरमा कुनै पनि रोगको सम्भावनालाई न्यूनीकरण गर्न पनि यसले सहयोग गर्छ ।

## प्राकृतिक चिकित्सा : भोजन नै चिकित्सा हो

प्राकृतिक उपचार पद्धतिको आफ्नो छुट्टै विशेषता छ । यो उपचार पद्धतिमा दबिएर बसेका रोगलाई सतहमा ल्याइन्छ र स्थायी रूपले निदानको उपाय खोज्ने गरिन्छ । यसले दीर्घरोगबाट पनि मुक्ति दिलाउँछ । यसको खास विशेषता के भने कुनै शारीरिक समस्या वा रोग मात्र होइन, मानसिक र सामाजिक उपचार पनि गर्छ ।

प्राकृतिक चिकित्साको एउटा सूत्र छ, केवल भोजन नै चिकित्सा हो । हामीले खाने भोजनले नै शरीरलाई निरोगी वा रोगमुक्त बनाउँछ । हामीले खाने भोजनले नै शरीरको प्रतिरोधात्मक क्षमता बढाउने हो । शरीरलाई बलियो, तन्दुरूस्त बनाउने हो । दीर्घायु बनाउने हो । जबकि आज त्यही खानपानको कारण मान्छे रोगी हुँदैछन् । जीर्ण हुँदैछन् । मृत्युको मुखमा पुगिरहेका छन् । खानालाई खान जानियो भने औषधि हुन्छ । खाना खान जानिएन भने विष हुन्छ ।

शरीर पञ्चतत्वले निर्माण भएको हुन्छ । प्रकृति पनि पञ्चतत्वले निर्माण भएको छ । प्रकृति र शरीर आपसमा एकाकार छन् । त्यसैले शरीरलाई रोगमुक्त राख्ने बुटी पनि प्रकृतिमै छ । पञ्चतत्व भनेको अग्नि, आकाश, जल, वायु र पृथ्वी ।

## कसरी गरिन्छ प्राकृतिक उपचार ?

### जल चिकित्सा

जल चिकित्सा पानीको उपयोगबाट गरिने उपचार विधि हो । पानीको आफ्नै गुण हुन्छ, जसले रोग निर्मूल बनाउने भूमिका खेल्छ । पानीबाट गरिने उपचार पद्धतिमा, हिप बाथ, सौना बाथ, स्टिम बाथ, स्पिनल बाथ लगायत पर्छन् ।

### उपवास

उपवास भनेको कुनै पनि खानेकुरा सेवन नगरी बस्नुको अवस्था हो । यसले पाचन यन्त्रलाई विश्राम दिन्छ । उपवास भनेको शरीरलाई भित्रैदेखि शुद्धीकरण गर्ने विधि पनि हो ।

### आहार

खाना नै ओखती हो । भनिन्छ नि, तपाईं जस्तो खानुहुन्छ, त्यस्तै हुनुहुन्छ । खानालाई हामीले तीन भागमा विभाजन गरेका छौं । सात्विक, तामासिक र राजसी । स्वास्थ्य जीवनको लागि सात्विक खाना उपयोगी हुन्छ । तामासिक वा राजसी खानाले जिब्रोलाई लोभ्याउँछ । तर, शरीरमा विकार पनि पैदा गर्छ ।

### माटो चिकित्सा

माटोमा खेल्दा, माटोको सम्पर्कमा रहँदा हाम्रो शरीरको रोगसँग लड्ने क्षमतामा वृद्धि हुन्छ । संसारमा माटोद्वारा गरिने उपचारका पनि विभिन्न विधि छन् ।

### मालिस

हामीकहाँ मालिस गर्ने परम्परा नै छ । जब बच्चा जन्मन्छ, तोरीको तेलले मालिस गरिन्छ । मालिस एक प्राकृतिक विधि हो, जसले शरीरलाई बलियो बनाउँछ । रक्तप्रवाहमा सहयोग गर्छ । मालिसका अरू थुप्रै विधि एवं तौरतरिका छन् ।

# पूर्वाधार विकासमा .... .. .

पार्टनर गर्नसक्ने प्याकेज निस्किएमा एउटा ठेक्कामा कहीँ कतै समस्या आए पनि अन्यमा समयमै गुणस्तरीय कार्य हुने निश्चित छ। तर, एउटैलाई विश्वास गरेर कार्य दिँदा उसले धोका दिँदा सम्पूर्ण निर्माण कार्य नै असफल हुँदै गएको छ । निर्माणकार्यमा नेपालीको दक्षता नै सडक, खानेपानीजस्ता पूर्वाधार निर्माण क्षेत्रमा छ। लगानीको आधारमा कारोबार मापन हुने भए पनि अनुभव त सबै साझेदारको समान हुने हो। यो नै नेपालका लागि सकारात्मक छ ।

नेपालमै नेपालीले कामको प्रतिस्पर्धामा नै भाग लिन नपाउने अवस्था आएको छ । नेपाली निर्माण व्यवसायीको क्षमता सधैँ पीटी ठेकेदार वा मेटको रूपमा परिभाषित हुनेगरी ठेक्का आह्वान गरिनुले विकासको नाममा राष्ट्रघात हुन पुगेको छ। यसबाट राष्ट्र आर्थिक रूपले टाट पल्टिन सक्छ । यस्ता कुराले निर्माण व्यवसायी मात्र होइन, राष्ट्र नै अक्षम हुन्छ भन्नेतर्फ सबैको ध्यान जानु जरी छ। २०६५/२०६६ बाट निर्माण सुरू भएको हुलाकी राजमार्गको हालसम्मको भौतिक प्रगति सोचेअनुसार हुन सकेको छैन ।

जब कि यो आयोजनामा संघीय सरकारकै सबैजसो अधिकारीदेखि सरोकारवाला निकायको अत्यधिक चासो, अनुगमन, निगरानी र प्राथमिकतासाथ बजेट विनियोजन हुनेगरेको छ । तर पनि आयोजनाको प्रगति लक्ष्यअनुसार छैन । राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना रहे पनि अन्य ठूला सडक आयोजनाको उदाहरण यस्तै छ । निर्माणले गति लिनुको सट्टा झमेलामा परेको छ। हुलाकी राजमार्ग आयोजना सुमा भारत र नेपाल सरकारबाट संयुक्त रूपमा सञ्चालित थियो। भारतबाट निर्माण व्यवसायी र परामर्शदाता आएर काम भयो । तर भारतीय निर्माण व्यवसायीले बीचमै काम छाडेपछि यसको स्वरूप परिवर्तन गरियो ।

नेपालमा सञ्चालित अधिकांश आयोजना समयमा सम्पन्न नहुने र पटक–पटक म्याद थप गर्नुपर्ने समस्या देखिएको बेला नेपाल निर्माण व्यवसायी महासंघले निर्माण व्यवसायी सफल भए मात्रै सरकारको सपना साकार हुने निष्कर्ष निकालेको छ। निर्माण व्यवसायीले खाडी मुलकमा नभएर स्वदेशमा नै रोजगारी सिर्जना गर्न लागि परेकाले सरकारले पनि निर्माण व्यवसायीलाई सहयोग गर्नुपर्नेमा माग गर्दै आएको छ। दुई अर्ब रूपैयाँभन्दा बढीका आयोजनामा मात्र विदेशीलाई प्रतिस्पर्धीका रूपमा सहभागी गराउन सकिने समेत ठहर महासंघले गरेको छ । निर्माण व्यवसायीहरूको एजेन्डामा सरकारले साथ दिएमा अर्बौं रूपैयाँ विदेशिने रकम रोकिनेछ ।

नेपाली निर्माण व्यवसायी सक्षम रहेका छन् । विदेशी प्रविधि सिक्ने वातावरण बनाउन पनि सरकारले विशेष सहयोग गर्नु आवश्यक रहेको छ । सरकारले दातृ निकायको सहयोगमा निर्माण हुने आयोजनामा नेपाली निर्माण व्यवसायी सहभागी हुन नपाउने गरी टेन्डर प्रक्रिया आह्वान गर्दै जाने हो भने देश आर्थिक रूपमा शून्यतर्फ जाने पक्कापक्की भएको छ । स्वदेशी निर्माण व्यवसायीलाई अन्तर्राष्ट्रिय निर्माण कार्य गर्नको निमित्त क्षमतावान् बनाई निर्माण व्यवसायको क्षेत्रमा आत्मनिर्भरता बढाउनुपर्नेमा त्यसको ठीक विपरीत राष्ट्रले ऋण व्यहोर्नुपर्ने र राष्ट्रबाट पुँजी विदेशिने किसिमले भइरहेको काम कारबाहीप्रति महासंघले विरोध जनाउँदै आएको छ। नेपाली निर्माण व्यवसायीलाई नेपालमै हुने ठेक्कापट्टामा वञ्चित गरेर विदेशीलाई मात्रै ठेक्का सुम्पिनु सुनियोजित रूपमा प्रावधान बनाइएको भन्दै महासंघले आफ्नै देशमा निस्केका ठेक्कामा ज्वाइन्ट भेन्चर्सका रूपमा समेत काम गर्न नसक्ने प्रावधान कसको इसारामा केका लागि राखिएको हो त्यसलाई सरकारले प्रस्ट पार्नु आवश्यक रहेको छ ।

देशमा निर्माण हुन लागेका ठूला पूर्वाधार विकासका परियोजनामा नेपाली निर्माण व्यवसायी पनि विदेशी कम्पनीसँग साझेदार गरी सहभागी हुन पाएको खण्डमा नेपाली निर्माण व्यवसायीको प्रवर्द्धन तथा विकास हुनेछ भविष्यमा स्वदेशमा निर्माण गरिने निर्माण कार्यहरू गर्न नेपाली आफैँ सक्षम हुने, परनिर्भरताको अन्त्य हुनुको साथै राज्यको स्रोत तथा साधनको उचित सदुपयोग हुनेमा कुनै दुईमत छैन । पछिल्ला घटनाक्रमले नेपाली निर्माण व्यवसायीले भविष्यमा काम नपाउने खतरा बढेसँगै स्वदेशी लगानी डुब्ने अवस्थामा पुगेको, राज्यलाई पनि ऋणको भार थुप्रिनुको साथ साथै पुँजी पलायन हुने अवस्थाको सिर्जना भएको छ ।

स्वदेशी निर्माण व्यवसायी माझ काम गर्ने अहिले अवसर आए पनि सरकारले त्यसको सुदपयोग गर्न भने सकेको छैन । अव्यावहारिक ऐन नियमका कारण व्यवसायी ठूलो मारमा परेका छन् । समस्या समाधानका लागि सरकार अझै पनि जिम्मेवार बनेको देखिएको छैन । नीति निर्माणको तहमा हुने ठूलो आर्थिक चलखेलका कारण नेपाली व्यवसायीलाई पेसाबाटै पलायन गर्ने षड्यन्त्र हुन थालेको छ । नेपाली व्यवसायीले विदेशमा समेत उत्कृष्ट कार्य गरिरहेको अवस्थामा आफ्नै देशको परियोजनामा भने सहभागी हुन नपाउनु दुर्भाग्य भएको छ ।

विदेशी कम्पनी संलग्न धेरै परियोजनाहरू लथालिंग रहेको अवस्था अहिले हाम्रासामु धेरै उदाहरण रहेका छन् । त्यस्ता बिग्रिएका परियोजना अन्ततः नेपाली व्यवसायीले नै सफल बनाएका छन् । निर्माणकार्य समयमै सम्पन्न हुनुमा व्यवसायीको भन्दा पनि अको दोष बढी रहेको छ । परियोजना पूरा गरे पनि व्यवसायीको अर्बौं रकम भुक्तानी हुन बाँकी रहेकाले पनि त्यसको असर निर्माण क्षेत्रमा पर्न गएको छ । यसरी सरकारले समयमै विद्यमान ऐन नियमलाई समयसापेक्ष परिमार्जन गरी नेपाली निर्माण व्यवसायीलाई पूर्ण अधिकार दिने हो भने विकास निर्माणको प्रगति शतप्रतिशत पुऱ्याउन नेपाली निर्माण व्यवसायीहरू सक्षम रहेका छन् भन्नु अत्युक्ति नहोला ।

(लेखक शाही नेपाल निर्माण व्यवसायी महासंघका केन्द्रीय सदस्य हुन् ।
-लेख: इमेल प्राप्त)




## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

# थाहानगरमा कानूनी अभिमुखीकरण कार्यक्रम




◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकाका कार्यपालिका सदस्यहरूका लागि कानूनी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउदै नेपाल सरकारवादी हुने फौजदारी मुद्दा तथा स्थानीय पालिकाको न्यायीक समितिको अधिकार र पीडित मैत्री अनुसन्धान र अभियोजन गर्दै पीडितलाई न्यायप्रदान गर्न अग्रसर र पिडितको पहुच बढाउने उद्देश्यले कार्यक्रम संचालन गरिएको हो ।

उच्च सरकारी वकिल कार्यालय हेटौंडा र मुख्य न्यायधिवक्ता कार्यालय बागमती प्रदेश हेटौंडाको आयोजनामा एकदिने अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम गरिएको हो । थाहा नगरपालिकाका जनप्रतिनिधि, स्थानीय प्रहरी , संघसंस्थाका प्रतिनिधिहरू सहभागी भएको अन्तरक्रिया कार्यक्रमलाई उच्च सरकारी वकिल कार्यालय हेटौंडाका सह न्यायधिबक्ता शन्देस श्रेष्ठ, मुख्य न्यायधिवक्ता कार्यालय बागमती प्रदेशका उपन्यायधिबक्ता डा सुर्य प्रसाद पौडेल तथा जिल्ला सरकारी वकिल कार्यालयका जिल्ला न्यायधिबक्ता मुकुन्दहरी पौडेलले सहजीकरण गरेका थिए ।

कार्यक्रममा सहभागीहरूलाई न्याय सम्पादन कार्य र समुदाय मा सरकारी वकिलको भुमिका सम्बन्धि नितिगत तहको कार्य र स्थानिय तहले आफ्नै पहलमा गर्नसकिने न्यायिककार्य सम्बन्धी अधिकारको बारेमा सहजीकरण गरेका थिए । कार्यक्रममा सरकारी वकिल कार्यालय हेटौंडाका मनोज प्रसाद गुप्ता, हेमचन्द्र रेग्मी, शान्तमाया वाइबा समेतको सहभागी रहेको थियो । अन्तरक्रिया कार्यक्रम थाहा-४ नयाँगाउँ मा रहेको साहारा रिसोर्टमा भएको हो ।

# पालिकाका कृषि प्राविधिकलाई हिउँदे फलफूल खेती सम्बन्धी तालिम

◆ विकास संवाददाता

मकवानपुर जिल्लाका २४ जना कृषि प्राविधिकहरूलाई एकहप्ते हिउँदे फलफूल खेती सम्बन्धी तालिम दिइएको छ । शितोष्ण बागवानी नर्सरी केन्द्र दामनको आयोजनामा पालिकाहरूमा कार्यरत सहायक स्तरका कृषि प्राविधिकलाई तालिम दिइएको हो । तालिमका सहभागीहरूलाई शितोश्ण बागवानीका प्रमुख, फलफूल बिकास केन्द्र किर्तिपुर लगायत कृषि विज्ञान केन्द्र पालुङ्का अधिकृत तहका विज्ञहरूद्वारा पनि सहभागी प्रशिक्षार्थीहरूलाई प्रशिक्षण दिईएको थियो ।

प्रशिक्षणकै क्रममा तालिमका सहभागीहरूलाई फिल्ड अवलोकन तथा भ्रमण कार्यक्रम समेत गराइएको थियो । उनीहरूलाई थाहा-६ को किवी फार्म, प्राकृतिक अर्गानिक कृषि फार्मका साथै किवि फार्म, बाख्रा विकास फार्म र चिज फार्मको पनि प्रशिक्षार्थीहरूलाई स्थलगत अवलोकन, भ्रमण गराईएको थियो । उक्त एक हप्ते हिउँदे फलफूल खेती तालीम कार्यक्रमको क्रममा उन्नत जातको किबि, हलुवाबेद, जापानीज कटुस, ओखर, नास्पाती, आरू, आरूबखडा, स्ट्रबेरी र स्याउ खेती कसरी अनि कहिले गर्ने भन्ने विषयमा प्रशिक्षण दिइएको थियो ।



तालिमका संयोजक रहेका शितोष्ण बागवानी नर्सरी केन्द्रका बरिष्ठ प्राबिधिक समीर ज्ञानि मगरले तालिम प्रभावकारी भएको बताए । तालिमका सहभागीहरूलाई प्रमाणपत्र समेत वितरण गरिएको छ ।

# पाथिभरा सहकारीको साधारणसभा



◆ विकास संवाददाता

थाहा नगरपालिकाको वडा नम्बर २ मा कार्यालय रहेको पाथीभरा बचत तथा ऋण सहकारी संस्थाको १५ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष गोकर्ण बरूवालको अध्यक्षता तथा थाहा नगरपालिका वडा नम्बर २ का वडा अध्यक्ष गुप्तबहादुर कार्कीको प्रमुख आतिथ्यमा साधारण सभा सम्पन्न भएको हो ।

साधारण सभाको उद्घाटन कार्यक्रममा प्रमुख अतिथि कार्की, पत्रकार कुमार नेगी, सिन्धु विकास बैंक पालुङ शाखा प्रवन्धक नरेन्द्र तिमल्सिना, पालुङ बहुउद्धेश्यीय सहकारी संस्थाका अधिकृत सुरेश ढकाल लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

साधारण सभाले अध्यक्ष, सचिब, कोषाध्यक्ष, लेखा समिति लगायत उपसमितिहरूको प्रतिवेदन सर्वसम्मत् पारित गरेको संस्थाका व्यवस्थापक राजाराम कार्कीले जानकारी दिए ।

पाथीभरा बचत तथा ऋण सहकारी संस्था उत्तरी मकवानपुरका उत्कृष्ट सहकारीहरूमध्ये पर्दछ ।

# थाहाका विष्ट केन्द्रिय प्रतिनिधिमा मनोनित



◆ विकास संवाददाता

नेकपा माओवादी केन्द्रको स्थायी समिती बैठकले ९ पूर्व विद्यार्थी नेता सहित १२ जनालाइ केन्द्रिय प्रतिनिधिमा मनोनित गरेको छ । बिहिबार पार्टी कार्यालय पेरिसडाडामा बसेको बैठकले १२ जना युबाहरूलाइ केन्द्रिय प्रतिनिधिमा मनोनित गरेको पार्टी प्रवक्ता कृष्ण बहादुर महराले जानकारी दिए ।

मनोनित हुनेमा थाहा नगरपालिका ३ का सन्तोष बिष्टसमेत रहेका छन । बिष्ट अखिल क्रान्तिकारीका पूर्व अध्यक्ष तथा पूर्व मन्त्री मातृका यादबका स्वकीय सचिव हुन ।

यसैगरी मनोनित हुनेमा मकवानपुरका अर्का पूर्व विद्यार्थी नेता बिजय गौतम पनि रहेका छन । गौतम अखिल क्रान्तिकारीका पूर्व उपाध्यक्ष हुन । प्रतिनिधिहरूले नेकपा माओवादी केन्द्रको केन्द्रिय महाधिवेशनमा प्रतिनीधित्व गर्नेछन् । महाधिवेशनबाट माओवादीको केन्द्रको केन्द्रिय कमिटि चयन गर्नेछ ।

# माओवादी थाहानगरको सदस्य टुङ्गयो, पदाधिकारी चयनमा रस्साकस्सी



◆ विकास संवाददाता

नेकपा माओवादी केन्द्रको प्रथम थाहानगर सम्मेलन ५९ सदस्य नगर कमिटी चयन गर्दै सम्पन्न भएको छ । बन्दसत्रले थाहानगरका सबै वडाबाट प्रतिनिधित्व हुनेगरी ५९ जना सदस्य चयन गरे पनि पदाधिकारी भने टुंगो लागेको छैन ।

पदाधिकारी तथा सदस्यहरूमा अधिक आकाँक्षी देखिएपछि निर्वाचन मण्डलले मतदानमा जानुभन्दा वडावडाबाट नगर कमिटी सदस्य सिफारिश गर्न आह्वान गरेको थियो । यसरी वडाका प्रतिनिधिहरूले जम्मा ५९ जना सिफारिस गरेको र ६ जना नगर कमटीले मनोनित गर्ने गरी कमिटीको टुंगो लागेको पत्रकार शम्भु अधिकारीले जानकारी दिए ।

वडावडाबाट सिफारिस भई आउनुपर्ने भएपछि यसअघि वडा कमिटीमा रहेकाहरू नगर कमिटीमा आउन पाएनन् । वडा कमिटीमा नरहेका नगर कमिटी पदाधिकारी र सदस्यका आकाँक्षीहरू भने वडाबाटै सिफारिस भएर आएका छन् । नगर कमिटीमा अध्यक्षका आकाँक्षीहरू अरूण रायमाझी, विनोदकुमार लामा र मनोज अधिकारी तीनै जना आएका छन् ।

सम्मेलनले नगरकमिटीमा चयन गरेका सदस्यहरूमध्येबाट पदाधिकारी चयन गरिने निर्वाचन मण्डलका सदस्य निरञ्जन अधिकारीले बताए । पदाधिकारीका आकाँक्षीहरू सदस्यमा चयन भएर आएपछि अब उनीहरूबीच पहिलो बैठकमै पदका लागि रस्साकस्सी हुने देखिएको छ ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

## राप्रपा थाहा ४ नम्बर वडाको अध्यक्षमा केसी



◆ विकास संवाददाता

राष्ट्रिय प्रजातन्त्र पार्टीले थाहा नगरपालिकाको वडा नम्बर ४ मा वडा समिति गठन गरेको छ । १४ मंसिरमा थाहा-४ किटेनीमा भएको एक भेलाबाट २९ सदस्यीय राप्रपा वडा समिति गठन गरिएको राप्रपाका थाहा नगर अध्यक्ष नवीन रायमाझीले जानकारी दिए ।

समितिको संयोजक बच्चुराम केसी र सचिवमा समप्रकाश बिष्ट रहेका छन् ।

भेलाको अवसरमा वडा नम्बर ४ का केही माओवादी तथा काँग्रेस कार्यकर्ताहरू राप्रपा प्रवेश गरेका छन् । राप्रपा प्रवेश गर्नेहरूमा वडा नम्बर ४ को वाइसिएल वडा कमिटीका सदस्यहरू समेत रहेका छन् ।

राप्रपा थाहानगर कमिटिले पालिकाको सबै वडामा आफ्नो पाटीको वडा अधिवेशनहरू संचालन गरी वडा समिति बनाउने योजना अनुसार वडा भेलाहरू भैरहेको नगर अध्यक्ष रायमाझीले जानकारी दिए ।

## मालपोत कार्यालय शिखरकोट मकवानपुरको नामसारी सम्बन्धी हकदावीको पैंतीस दिने सार्वजनिक सूचना

निवेदक: ईन्द्रलाल बलामी मृतक जग्गाधनी: गणेश बहादुर बलामी

जिल्ला मकवानपुर साविक चितलाङ गा.वि.स. वडा नं. ३ हाल: थाहा नगरपालिका वडा नं. ९ बस्ने निवेदकले मेरो बुबा गणेश बहादुर बलमीको नाममा जग्गा दर्ता श्रेस्ता कायम रहेको साविक चितलाङ वडा नं.-३ को कि.नं. ६८७, ८३९, ८६०, ९०७, ९१०, ९६३, ९६७, १०१६, १०२३, १०४२, १०४८, १४२७ र १४४८ क्षेत्रफल ज.रो. ०-१-२-१, ३-७-३-०, ०-२-१-०, ०-९-२-१, ०-१-२-३, ०-१-१-२, ०-४-१-१, ०-१-२-०, ०-१०-३-२, ०-३-२-०, ०-२-०-३, १-१५-१-२ र १-१-२-२ जग्गा भएकोमा जग्गा दर्ता श्रेस्तामा ज.ध.को नाम गनेश बहादुर बलामी भएको, तीन पुस्ते, फोटो टाँस, ना.प्र.नं. कायम नभएको, निज मृतक ज.ध.को मिति २०४८/०९/२६ मा, निजको एकमात्र श्रीमती सुनमाया बलामीको पनि मिति २०२५ मा नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त नगरी आफ्नै कालगतिले मृत्यु भएको, निजहरुको दाम्पत्य जीवनबाट २ छोरा र १ छोरीको जायजन्म भएकोमा छोरीको विवाह भैसकेको, २ जना छोराहरु मध्ये जेठा छोरा चन्द्र लाल बलामी विगत ३७ वर्षदेखि अविवाहित अवस्थामा वेपत्ता भई हालसम्म बेपत्ता रहेकोले हक खाने हकदारहरुमा मृतक ज.ध.को एकमात्र छोरा ईन्द्रलाल बलामी (ना.प्र. नं. ४५/६५९, जारि मिति २०५२/१०/२८, मकवानपुर) बाहेक अन्य कोही हकदारहरु नभएकोले उल्लेखित जग्गा ईन्द्रलाल बलामीको एकलौटी नाममा नामसारी माग गरेको । थाहा नगरपालिका ९ नं. वडा कार्यालयको च.नं. ९०० मिति २०७७/११/१२ को सिफारिस समेत पेश भएको । निवेदक ईन्द्रलाल बलामीको माग निवेदन बमोजिम भई जाँदा अरु कसैको कानुनी हक अधिकारमा वा कुनै सरकारी, सार्वजनिक, सामुदायिक, व्यक्तिगत वा अन्थ जग्गा तथा संरचनामा प्रतिकूल असर पर्ने भए वा निवेदकको माग बमोजिम नामसारी हुन/गर्न नहुने कुनै मनासिव कारण भए यो सूचना प्रकाशित भएको मितिले पैँतीस दिन भित्र मालपोत कार्यालय शिखरकोट मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन भनी कार्यालयबाट भएको आदेश बमोजिम यो पैंतीस दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिँसा नै महिला हिँसा हो । त्यस्ता हिँसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन ।**


**कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनीधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।**

**लैङ्गिक हिँसा विरुद्धको अभियान सफल पारौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

*उपभोग्य वस्तु खरिद गर्दा उपभोग्य मिति हेरेर मात्र खरिद गरौं ।*

– विकास खबरपत्रिका




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी